सुधार/आवास गृह

टुएन मुन चिल्ड्रन एन्ड जूभेनाइल होम

- सेवा विवरण

अदालतको निर्देशनहरूलाई कार्यान्वयन गर्नलाई सामाजिक कल्याण विभागले अव्यवस्थित बालबालिका तथा अल्पवयस्क तथा युवा अपराधीहरूका लागि सामाजिक कार्य हस्तक्षेपद्वारा आवासिय उपचार सेवा प्रदान गर्दछ। अल्पवयस्क तथा युवा अपराधीहरूका लागि सेवाको गुणस्तरमा सुधार ल्याउन तथा उचित एकिकृत तालीम प्रदान गर्न, सामाजिक कल्याण विभागले टुएन मुन चिल्ड्रन एन्ड जूभेनाइल होम (TMCJH) सित २००७ मा छ वटा सुधार तथा आवास गृहहरूको स्थापना गरेको छ, जसले एउटा आश्रय, रिमाण्ड होम, थुनामा राख्ने स्थान, एउटा स्वीकृत संस्था (परीक्षावधि गृह) तथा एउटा सुधार पाठशालाको काम गर्दछ।

- लक्षित समूह

टुएन मुन चिल्ड्रन एन्ड जूभेनाइल होम एउटा राजपत्रांकित गृह हो। यसले सम्बन्धित अध्यादेश अन्तर्गतका तलका वर्गअनुसारका मानिसहरूलाई अस्थायी हिरासत तथा आवासिय तालीम प्रदान गर्दछ।

- अध्यागमन अध्यादेश (खण्ड ११५)
- बालबालिका तथा अल्पवयस्क अध्यादेशको संरक्षण (खण्ड २१३)
- सुधार पाठशाला अध्यादेश (खण्ड २२५)
- अल्पवयस्क अपराधी अध्यादेश (खण्ड २२६)
- अपराधी परीक्षावधि अध्यादेश (खण्ड २९८)

- क्षमता

३८८

- सेवाको विषयवस्तु

I) शिक्षा तथा व्यावसायिक तालीम

बासिन्दाहरूलाई बसोवासको विभिद अवधिहरूमा उनीहरूको शैक्षिक आवश्यकताहरू पूरा गर्न तथा उनीहरूलाई थप शिक्षा ग्रहण गर्नमा सहायता गर्न तथा/या गृहबाट निस्केपछि मान्यताप्राप्त योग्यताहरूका साथ उनीहरूको जागिर पाउने सम्भावनाको अभिवृद्दि गर्नका लागि शैक्षिक, जेनरिक तथा व्यावसायिक ज्ञान तथा सीपमुलक तालीम कार्यक्रमहरू प्रदान गरिन्छ।

II) व्यक्तिगत परामर्श तथा सामूहिक सेवाहरू

गृहको सामाजिक कार्यकर्ताहरूले सबै बासिन्दाहरूलाई उनीहरूका भर्नाका समयमा अन्तर्वार्ता लिने तथा उनीहरूको समस्या बुझ्न सामाजिक केसवर्क उपलब्ध गर्दछन्, तथा राम्रोसित बस्नमा तथा गृहद्वारा उपलब्ध तालीम कार्यक्रम पुरा गर्नका लागि सहयोग गर्दछन्। कल्याण/पुनर्स्थापना योजना बनाउनका लागि उनीहरूले बासिन्दाहरूका मातापिता/अभिभावकहरू तथा सुपरिवेक्षक, केसवर्कर, परीक्षावधि अधिकारीहरूसित सम्पर्क गर्दछन्। प्लेस अभ रिफ्यूज एन्ड रिमाण्ड होमका बासिन्दाहरूका लागि, सामाजिक कार्यकर्ताहरूले रिमाण्ड अवधिमा बासिन्दाहरूको व्यवहारबारे अवगत गराउन तथा उनीहरूका भविष्यका लागि उपयुक्त व्यवस्थाबारे निर्णय लिन न्यायपाललाई मद्दत

गर्न अदालतमा प्रतिवेदन पनि बुझाउने गर्दछन्।

बासिन्दाहरूलाई स्वास्थ्य आदतहरूको विकास गर्नमा तथा उनीहरूको जिम्मेवारीको भावना तथा सामाजिक सीपमा वृद्दि गर्नमा मद्दत गर्न गृहमा नियमित रुपमा इन्टरेस्ट ग्रुप, थेराप्युटिक ग्रुप, तथा डिभ्यालपमेन्टल ग्रुपहरूको आयोजना गरिन्छ। बासिन्दाहरूमा बच्चाहरू तथा उनीहरूका मातापितामाझ सम्बन्धमा सुधार ल्याउनलाई मातापिता समूहहरू पनि आयोजन गरिन्छ।

III) सामुदायिक सेवा

बासिन्दाहरूमा जिम्मेवारीको भावनाको विकास गर्ने तथा समुदायमा समझ्दारीको बृद्दि गर्ने उद्देश्यले सामुदायिक सेवा परियोजनाहरू पनि आयोजन गरिन्छ।

IV) मनोरञ्जनात्मक कार्यहरू

बासिन्दाहरूमा स्वस्थ तरिकामा फुर्सतको समयको उपयोग गर्ने भावनाको विकास गर्ने उद्देश्यले संगित, पठनपाठन, बल गेम्सहरू तथा सामूहिक खेलहरू जस्ता मनोरञ्जनात्मक कार्यहरू आयोजन गरिन्छ।

V) अभिभावक भ्रमण/अनुपस्थितिको विदा

गृहका आफ्ना बच्चाहरूसित भेट्न आउनका लागि मातापिता अथवा अभिभावकहरूलाई स्वागत जनाइन्छ। परीक्षावधि गृह तथा सुधार पाठशालाका बासिन्दाहरूका लागि उनीहरूलाई पारिवारिक मिलनमा सहयोग गर्नका लागि विदा स्वीकृत गर्न सकिनेछ।

VI) चिकित्सा सेवा

बासिन्दाहरूका लागि गृहमा नर्सिंग सेवा उपलब्ध गराइन्छ। भ्रमणमा आउने चिकित्सा अधिकारी तथा गृहको नर्सहरूले बासिन्दाहरूका स्वास्थ्यको देखरेख गर्दछन्। व्यक्तिगत सरसफाइबारे स्वास्थ्य छलफल, मार्गदर्शण तथा परामर्शहरू प्रदान गरिन्छ। विशेष प्रकारको सल्लाहको आवश्यकता पर्ने बासिन्दाहरूका लागि, चिकित्सकिय सुझाव तथा उपचारका लागि उनीहरूलाई विशेषज्ञकहाँ पठाइनेछ। साथै मनोवैज्ञानिक जाँच तथा उपचार गरिनुपर्ने बासिन्दाहरूलाई, विभागका क्लिनिकल साइकोलोजिस्टकहाँ पठाइनेछ।

- शुल्क तथा खर्चहरू

सबै सेवाहरू निशुल्क हुनेछ।

- ठेगाना तथा सम्पर्क नम्बर

ठेगानाः 3 San Shek Wan North Road, Tuen Mun

टेलिफोन नम्बर: २४६० ७१०२

फ्याक्स नम्बरः २४६० ७८१२